संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

# प्रेस विज्ञप्ति – २०६४ चैत २०

## संविधानसभा निर्वाचनको सफलताका लागि मानवअधिकारको सम्मान अत्यन्त महत्त्वपूर्ण

संविधानसभाका लागि हुने निर्वाचन नेपालका जनताका लागि लोकतन्त्रप्रतिको आफ्नो आशालाई यथार्थतामा परिणत गर्ने एउटा ऐतिहासिक अवसर हो। विविध राजनीतिक दलहरूबीचको प्रतिस्पर्धाभन्दा यो धेरै माथि छ। संविधानसभामा निर्वाचित हुनेहरू आफ्नै राजनीतिक दलका प्रतिनिधिभन्दा माथि हुनेछन् : उनीहरूलाई सबै नेपाली जनताको मानवअधिकारलाई स्थायी रूपमा सुरक्षित बनाउने नयाँ संविधानको मस्यौदा गर्ने जिम्मेवारी आमजनताद्वारा सुम्पिनेछ। त्यसैले संविधानसभाको स्वतन्त्र, स्वच्छ तथा पारदर्शी निर्वाचन जुनसुकै सांस्कृतिक वा राजनीतिक सम्बद्धता भएका सबै नेपालीका लागि सफलता हुनेछ।

चैत २८ गतेको निर्वाचन प्रक्रियासँग सम्बद्ध मानवअधिकारहरू निर्वाचनका दिन मतदान गरेर सहभागी बन्न पाउने अधिकारमा मात्र सीमित छैनन्। तिनमा बाँच्न पाउने तथा शारीरिक अखण्डता, शान्तिपूर्ण भेला, त्रास तथा भेदभावबाट स्वतन्त्रता तथा मत राख्न पाउने र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार पनि पर्दछन्। यी अन्तरसम्बन्धित तथा अविभाज्य अधिकारहरूको सम्मान गर्ने प्रत्येक व्यक्तिको सच्चा प्रतिबद्धताले सफल तथा विश्वसनीय निर्वाचन हुन सक्ने वातावरण तयार गर्नेछ भन्ने उच्चायुक्तको कार्यालय विश्वास गर्दछ।

निर्वाचनपूर्वको अवधिमा हिंसाको प्रयोग गर्नबाट बच्ने आफ्ना प्रतिबद्धताहरूमा सबै राजनीतक पात्रहरू खरो उत्रिन सकेका छैनन् भन्ने स्पष्ट छ। राजनीतिक दलका कार्यकर्ताहरूद्वारा त्रास, धम्की तथा शारीरिक हिंसाका प्रयोग गरिएका कैयौं घटनाहरू उच्चायुक्तको कार्यालयले अभिलेखन गरेको छ। यिनमा अन्य राजनीतिक दलका कार्यकर्ताहरूविरुद्ध जानीबुझी गरिएका आक्रमणहरू - कहिलेकाहीं घातक - परेका छन्। दलका समर्थकहरूबीच भएका झडपबाट पनि कहिलेकाहीं अनपेक्षित मरण, चोटपटक तथा सम्पत्तिको क्षति भएको छ। यस्ता युक्तिको प्रयोगको भर्त्सना गर्न तथा यस अभियानका बाँकी बचेका दिनमा कुनै अवरोधबिना आफ्ना गतिविधि सञ्चालन गर्न पाउने सबैको अधिकारको सम्मान गर्न उच्चायुक्तको कार्यालय निर्वाचन बिथोल्न प्रयत्न गर्ने सशस्त्र समूहलगायत सबै दलहरूलाई आह्वान गर्दछ।

सबै राजनीतिक दल र सरकारी अधिकारीहरूले सबै नेपाली जनता डरत्रास वा धाकधम्कीबिना निर्वाचनमा सहभागी बन्न सक्ने कुरा सुनिश्चित गर्न सहकार्य गरेमा मात्र मानवअधिकारको पूर्णरूपमा सम्मान गर्ने निर्वाचन प्रक्रिया हासिल गर्न सकिन्छ। यस सम्बन्धमा, आफूले निर्वाचन आचारसंहिताको पालना गर्ने र आचारसंहिताको कुनै पनि उल्लङ्घनको अनुगमन गर्न समिति गठन गर्ने भनी तीन राजनीतिक दलका नेताहरूद्वारा चैत १९ गते हस्ताक्षर गरिएको सम्झौताको उच्चायुक्तको कार्यालय स्वागत गर्दछ। त्यसबाहेक, निर्वाचन सञ्चालन गर्न वा सुरक्षा प्रदान गर्न जिम्मेवार सबैले निष्पक्षरूपमा त्यसो गर्नैपर्छ।

उच्चायुक्तको कार्यालय निर्वाचनका लागि स्वतन्त्र र स्वच्छ वातावरण सिर्जना गर्न मद्दत पुऱ्याउन मानवअधिकारप्रतिको सम्मानलाई सुनिश्चित गर्न देहायका उपायहरूको सिफारिस गर्दछः

- नेपाल प्रहरीले मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारका सबै गम्भीर घटनाको तत्काल र निष्पक्ष अनुसन्धान गर्नुपर्छ ;
- यी अनुसन्धानको मार्गलाई प्रभाव पार्ने वा अवरुद्ध गर्न खोज्ने कुनै पनि प्रयासस्वरूप प्रहरीमाथि दबाब दिने कार्यबाट राजनीतिक पात्रहरू टाढा रहनुपर्छ ;

- निर्वाचन अभियानका आयोजक तथा दलका नेताहरूले बालबालिकाहरू आफ्नो सुरक्षा खतरामा पर्ने राजनीतिक गतिविधिमा सहभागी नबनून् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ;
- राजनीतिक दल, सरकार वा अन्य समूहभित्र जहाँसुकैका भए पनि सबै पात्रले जुनसुकै लिङ्ग, जाति, जातीयताका वा राजनीतिक सम्बद्धता भएका सबै व्यक्तिको अधिकारलाई सम्मान गर्नुपर्छ। वृद्धवृद्धा तथा अपाङ्ग व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्ने प्रावधानहरू राखिनुपर्छ ;
- मतदान प्रक्रिया गोप्य भएको छैन भन्ने झुटो जानकारीमा आधारित धाकधम्कीलगायत आफ्ना निर्देशनविपरीत मत दिने व्यक्तिहरूविरुद्ध प्रतिशोध लिने भन्ने राजनीतिक पात्रहरूका धाकधम्कीको अन्त्य हुनुपर्छ ;
- निर्वाचनका दिन ठूलो सङ्ख्यामा युवायुवतीहरूलाई मतदान केन्द्रमा वा त्यसको वरिपरि जम्मा हुन निर्देशन दिने कार्यबाट राजनीतिक दलहरू टाढा रहनुपर्छ र तिनले यस्ता युवायुवतीलाई "सुरक्षा" प्रयोजनका लागि खटाइनेछ भनी दिइएका वक्तव्यहरू फिर्ता लिनुपर्छ।

"निर्वाचन आचारसंहिताको पालना गर्न तथा निर्वाचन प्रक्रियाको क्रममा मानवअधिकारप्रतिको सम्मान सुनिश्चित गर्न म सबै राजनीतिक पात्र तथा प्रत्येक नेपालीलाई आग्रह गर्दछु। यस्तो प्रतिबद्धताबाट एउटा विश्वासिलो तथा प्रतिनिधिमूलक संविधानसभा निर्वाचित हुनेछ र नेपालमा लोकतन्त्र तथा मानवअधिकारलाई सबल बनाउनेतर्फ एउटा ऐतिहासिक कदम चालिनेछ भन्ने कुरामा म विश्वस्त छु," उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org